फोन नं ०६६५२०१३३-,५२०२५५
फ्याक्स नं ०६६५२०१३४-
इमेल daolamjung@moha.gov.np
वेबसाइट www.daolamjung.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## लमजुङ

पत्र संख्याः २०८२/८३
च.नं./प्रशासनः 266

मितिः २०८२/०५/२३
ने.सं. ११४५

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ।

विषयः-प्रतिवेदन सम्बन्धमा।

प्रस्तुत विषयमा गृह मन्त्रालयको च.नं. २४७ मिति २०८२/०४/३० को पत्रानुसार लमजुङ जिल्लामा निजामती सेवा दिवस २०८२ को अवसरमा आयोजित विभिन्न कार्यक्रमहरूको संक्षिप्त विवरण पाना छ (६) यसैपत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

२०८२/०५/२३
(नवराज शर्मा दोरङ्गा)
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय


# निजामती सेवा दिवस २०८२ को अवसरमा लमजुङ जिल्लामा आयोजित विभिन्न कार्यक्रमहरूको सङ्क्षिप्त प्रतिवेदन ।

## कार्यक्रमको पृष्ठभूमि


मिति २०८२ भदौ ५ गते श्रीमान् प्रमुख जिल्ला अधिकारी माधव प्रसाद पोखरेलज्यूको अध्यक्षतामा बसेको जिल्लास्थित सरकारी कार्यालयका प्रमुखहरूको बैठकबाट निजामती सेवा दिवस २०८२ को अवसरमा भविष्यमा निजामती सेवामा प्रवेश गर्न इच्छुक युवाहरूलाई लक्षित गरी जिल्लाका विभिन्न स्थानीय तहका विद्यालयहरूमा अध्ययनरत छात्र छात्रालाई निजामती सेवाप्रति उत्प्रेरित बनाउने उद्देश्यले १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय भए अनुसार जिल्लाका निम्न विद्यालय तथा क्याम्पसहरूमा तपसिल बमोजिमको अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

## तपसिल

१. जनज्योति मा.वि. बाग्लुङपानी — सहजकर्ता M प्र.जि.अ. माधव प्रसाद पोखरेल




- मिति २०८२ भाद्र १६ गते सोमबार क्व्होलासोथार गा.पा.-१, बाग्लुङपानीमा रहेको जनज्योति माध्यमिक विद्यालयमा श्रीमान् प्रमुख जिल्ला अधिकारी माधव प्रसाद पोखरेलज्यूबाट निजामती सेवाप्रति युवा विद्यार्थीलाई उत्प्रेरित गर्ने उद्देश्यका साथ १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।
- सो अभिमुखीकरण कार्यक्रममा उक्त विद्यालयका कक्षा ७, ८, ९ र १० मा अध्ययन गर्ने ४६ जना विद्यार्थीहरू सहभागी भएका थिए ।



०८२/०५/२३
प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेसीशहर, लमजुङ

२. मर्स्याङ्दी बहुमुखी क्याम्पस, बेसीशहर — सहजकर्ता M स.प्र.जि.अ. थम्मन सिंह गौतम




- मिति २०८२ भाद्र २२ गते आइतबार बेसीशहर न.पा.-८ मा रहेको मर्स्याङ्दी बहुमुखी क्याम्पसमा सहायक प्रमुख जिल्ला अधिकारी थम्मन सिंह गौतमज्यूबाट निजामती सेवाप्रति युवा विद्यार्थीलाई उत्प्रेरित गर्ने उद्देश्यका साथ १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । सो अभिमुखीकरण कार्यक्रममा उक्त क्याम्पसको स्नातक तहमा अध्ययन गर्ने ३५ जना विद्यार्थीहरू सहभागी भएका थिए ।



३. भक्ति नमूना मा.वि., भोटेओडार — सहजकर्ता M जि.स.अ. महेश सुवेदी




- मिति २०८२ भाद्र १८ गते सुन्दरबजार न.पा.-८, भोटेओडारमा रहेको भक्ति नमूना माध्यमिक विद्यालयमा जिल्ला समन्वय अधिकारी महेश सुवेदीज्यूबाट निजामती सेवाप्रति युवा विद्यार्थीलाई उत्प्रेरित गर्ने उद्देश्यका साथ १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।



- सो अभिमुखीकरण कार्यक्रममा उक्त विद्यालयको कक्षा ११ र १२ मा अध्ययन गर्ने १२१ जना विद्यार्थीहरू सहभागी भएका थिए ।

४. बालकल्याण मा.वि., भकुण्डे — सहजकर्ता M शा.अ. श्याम विक्रम न्यौपाने



- मिति २०८२ भाद्र १६ गते बेसीशहर न.पा.-२, भकुण्डेमा रहेको बालकल्याण माध्यमिक विद्यालयमा शाखा अधिकृत श्याम विक्रम न्यौपानेबाट निजामती सेवाप्रति युवा विद्यार्थीलाई उत्प्रेरित गर्ने उद्देश्यका साथ १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।



082/05/23

प्रशासकीय अधिकृत

सो अभिमुखीकरण कार्यक्रममा उक्त विद्यालयको कक्षा ९, १०, ११ र १२ मा अध्ययन गर्ने ८१ जना विद्यार्थीहरू सहभागी भएका थिए ।



५. बालज्योति मा.वि., सुन्दरबजार — सहजकर्ता M ईन्जिनियर तारानाथ सिग्देल

- मिति २०८२ भाद्र १७ गते सुन्दरबजार नगरपालिकामा रहेको बालज्योति माध्यमिक विद्यालयमा ईन्जिनियर तारानाथ सिग्देलबाट निजामती सेवाप्रति युवा विद्यार्थीलाई उत्प्रेरित गर्ने उद्देश्यका साथ १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।
- सो अभिमुखीकरण कार्यक्रममा उक्त विद्यालयको कक्षा १२ कक्षामा अध्ययन गर्ने २७ जना विद्यार्थीहरू सहभागी भएका थिए ।



६. अमर मा.वि., खुदी — सहजकर्ता M वरिष्ठ बाली विकास अधिकृत सुदिप खतिवडा

- मिति २०८२ भाद्र १८ गते मर्स्याङ्दी गाउँपालिकामा रहेको अमर माध्यमिक विद्यालयमा वरिष्ठ बाली विकास अधिकृत सुदिप खतिवडाबाट निजामती सेवाप्रति युवा विद्यार्थीलाई उत्प्रेरित गर्ने उद्देश्यका साथ १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।
- सो अभिमुखीकरण कार्यक्रममा उक्त विद्यालयको कक्षा ११ र १२ कक्षामा अध्ययन गर्ने ३४ जना विद्यार्थीहरू सहभागी भएका थिए ।



७. जनविकास मा.वि., चण्डीडाँडा — सहजकर्ता M ई. रमेश कडेल

- मिति २०८२ भाद्र १९ गते मर्स्याङ्दी गाउँपालिकामा रहेको अमर माध्यमिक विद्यालयमा ई. रमेश कडेंलबाट निजामती सेवाप्रति युवा विद्यार्थीलाई उत्प्रेरित गर्ने उद्देश्यका साथ १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

०८२/०५/२३

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेसीशहर, लमजुङ

- सो अभिमुखीकरण कार्यक्रममा उक्त विद्यालयको कक्षा ९ र १० कक्षामा अध्ययन गर्ने २५ जना विद्यार्थीहरू सहभागी भएका थिए ।

निजामती सेवा दिवस २०८२ को अवसरमा आयोजना गरिएको बृहत् फुटसल प्रतियोगिता मिति २०८२/०५/१८ देखि २०८२/०५/२० गते सम्म भएको र जसमा स्वास्थ्य, ईन्जिनियरिङ, गाउँपालिका, नगरपालिका, प्रशासन सेवा, कृषि, भेटनरी, वन समूह गरेर जम्मा ६ वटा समूह रहेका थिए भने कार्यालय प्रमुख Vs पत्रकार महासंघ बिच मैत्रीपूर्ण फुटसल प्रतियोगिता पनि रहेको थियो।

दिवसको मूल आयोजक समिति लमजुङको आयोजनामा संचालित प्रतियोगिता ३ दिनसम्म चलेको थियो। अन्तिम दिन निजामती कर्मचारी समूह र नेपाल पत्रकार महासंघ लमजुङको टिमबीच मैत्रीपूर्ण खेल समेत खेलाइएको थियो। सो समूहको नेतृत्व सहायक प्रमुख जिल्ला अधिकारी श्री थम्मन सिंह गौतम ज्यूले र पत्रकार टिमको नेतृत्व महासंघका जिल्ला अध्यक्ष श्री सन्देश पौडेल ज्यूले गरेका थिए।

| | |
|---|---|
| समूह A | समूह B |
| गाउँपालिका | भेटेनरी |
| स्वास्थ्य | नगरपालिका |

तपसिल



१. पहिलो खेल मिति २०८२/०५/१८ गते भएको जसमा निम्न टिमहरु रहेका थिए।
   - ईन्जिनियरिङ सेवा Vs स्वास्थ्य सेवा
   - कृषि, भेटेनरी सेवा Vs नगरपालिका

०८२/०५/२२
प्रशासकीय अधिकृत

- गाउँपालिका Vs ईन्जिनियरिङ सेवा
- प्रशासन सेवा Vs कृषि, भेटेनरी सेवा

२. दोस्रो खेल मिति २०८२/०५/१९ गते भएको जसमा निम्न टिमहरु रहेका थिए।

- नगरपालिका Vs प्रशासन सेवा
- स्वास्थ्य सेवा Vs गाउँपालिका

३. अन्तिम दिन मिति २०८२/०५/२० गते निम्न टिमहरू रहेका थिए।

- कार्यालय प्रमुख समूह र नेपाल पत्रकार महासंघ लमजुङ बिच मैत्रीपूर्ण
- नगरपालिका Vs स्वास्थ्य समूह

# फुटसल उपाधि स्वास्थ्य समूहलाई



*आदर्श समाज*

लमजुङ, २१ भदौ

निजामती सेवा दिवस अवसरमा सञ्चालन गरिएको फुटसल प्रतियोगिता स्वास्थ्य समूहले जितेको छ ।

६ टिमले भाग लिएको प्रतियोगिताको फाइनलमा बैंसीशहर नगरपालिकाको टिमलाई सडन डेथमा (९-८ गोलअन्तर) हराउँदै उपाधि जितेको हो ।

अत्यन्तै प्रतिस्पर्धात्मक खेलमा दुवै पक्षबाट ४-४ गोल भई बराबरी भएको थियो । अतिरिक्त समयमा दुवैतर्फ थप १-१ को बराबरीपछि पेनाल्टी सुटआउटमा निर्णय लिइएको रेफ्री सिजन श्रेष्ठले बताए ।

दिवसको मूल आयोजक समिति लमजुङको आयोजनामा संचालित प्रतियोगिता ३ दिनसम्म चलेको थियो । अन्तिम दिन निजामती कर्मचारी समूह र नेपाल पत्रकार महासंघ लमजुङको टिमबीच मैत्रीपूर्ण खेलसमेत खेलाइएको थियो । खेलमा ६-२ गोलअन्तरले निजामति कर्मचारी समूह विजयी भएको थियो । सो समूहको नेतृत्व सहयाक प्रमुख जिल्ला अधिकारी धमनसिंह गोलमले र पत्रकार टिमको नेतृत्व महासंघका जिल्ला अध्यक्ष सन्देश पौडेलले गरेका थिए । प्रतियोगिताको प्रमुख जिल्ला अधिकारी माधवप्रसाद पोखरेलले रेफ्री सिजन श्रेष्ठलाई बल हस्तान्तरण गर्दै उद्घाटन गरेका थिए ।

w.eAdarsha.com, **प्रबन्ध निर्देशकः** अमृत बाँस्तोला, **प्रधान सम्पादकः** कृष्णप्रसाद बाँस्तोला

०८२/०५/२३

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेसीशहर, लमजुङ

निजामती सेवा दिवस २०८२ को अवसरमा मिति २०८२/०५/२१ गते शनिवार विहान ७:०० बजे देखि १२:०० सम्म आयोजना गरिएको नसर्ने रोगको परीक्षण र रक्तदान कार्यक्रम गरिएको।

